नेपाल सरकार
शिक्षा मन्त्रालय
**परीक्षा नियन्त्रण कार्यालय**
सानोठिमी, भक्तपुर
(राष्ट्रिय परीक्षा बोर्डबाट प्रत्यायोजित अधिकारबमोजिम खुलाईएको)

# माध्यमिक शिक्षा परीक्षा (कक्षा–१०) २०७५ मा समावेश हुनका लागि रजिष्ट्रेसन फाराम भर्ने भराउने सम्बन्धी सूचना

२०७४ सालको शैक्षिक सत्रमा कक्षा ९ मा साधारण तथा प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थीहरूले २०७५ सालको नियमित एसईई परीक्षामा समावेश हुनका लागि तथा खुला तथा अनौपचारिक प्रौढ विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले २०७४ सालको नियमित एसईई परीक्षामा समावेश हुनका लागि रजिष्ट्रेसन फाराम **२०७४ श्रावण १५ गतेदेखि भाद्र १८ गतेभित्र** भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यालयहरूमा हाल कक्षा ९ मा अध्ययनरत साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरूका लागि**

(क) हाल कक्षा ९ मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत साधारण र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरूले शैक्षिक सत्र २०७३ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्रको (प्रधानाध्यापकबाट प्रमाणित) प्रतिलिपि संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो टाँसी **२०७४ श्रावण १५ गतेदेखि भाद्र १८ गतेभित्र**मा राजस्व शुल्क सहित आफू अध्ययनरत विद्यालयमार्फत फाराम भरी सक्नुपर्नेछ ।

(ख) सम्बन्धित विद्यालयहरूले आफ्नो विद्यालयमा नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूको नामथर, जन्ममिति, आमा बाबुको नाम ठीकसँग भरे नभरेको रूजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **रजिष्ट्रेसन नम्बर विद्यालय आफैले कायम गरी २०७४ भाद्र २५ गतेभित्रमा** रजिष्ट्रेसन शुल्क बुझाएको बैङ्क भौचर वा नगदी रसिद र समष्टिगत फाराम संलग्न गरी जिल्ला शिक्षा कार्यालयमा रजिष्ट्रेसन फाराम बुझाइसक्नु पर्नेछ ।

(ग) प्राविधिक धारतर्फका विद्यालयहरुले समेत उल्लेखित मितिभित्र रजिष्ट्रेसन फाराम भराउनु पर्नेछ ।

**२. खुला वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि**

(क) खुला तथा वैकल्पिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६३ (संशोधन सहित) ले तोकेको सबै शर्तहरु पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको तीन प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भर्नुपर्नेछ र **२०७४ भाद्र १८ गतेभित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्नेछ । विद्यार्थीहरुले शैक्षिक सत्र २०७१ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्रको (प्रधानाध्यापकबाट प्रमाणित) प्रतिलिपि संलग्न गरी पेस गर्नुपर्ने छ ।

(ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै शर्तहरु पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको तीन प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भर्नुपर्नेछ र **२०७४ भाद्र १८ गते भित्र** तोकिएको राजस्व दस्तुरसहित आफू सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

(ग) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरुले रजिष्ट्रेसन र आवेदन फाराम अलग अलग भर्नुपर्नेछ ।

३. यो फाराम साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुले एसईई परीक्षा २०७५ मा र खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयतर्फका विद्यार्थीहरुले २०७४ सालको एसईई परीक्षामा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरूले उक्त सालको एसईई परीक्षामा सामेल हुन पाउने छैनन् ।

४. फाराम भर्ने विद्ययार्थीहरू २०७५ सालमा एसईई परीक्षामा सम्मिलित हुँदा शिक्षा नियमावली २०५९ (संशोधन सहित) ले तोकेको उमेर (२०६१ साल चैत्र मसान्तसम्मको जन्ममिति भएको) पुगेको हुनुपर्नेछ ।

५. **रजिष्ट्रेसन शुल्क प्रति विद्ययार्थी रू.३००।–** तोकिएको छ साथै सबै **जिल्ला शिक्षा कार्यालयहरूले** फारामसाथ विद्यालयमार्फत प्राप्त रजिष्ट्रेसन शुल्क **२०७४ भाद्र मसान्तभित्र** बैङ्क दाखिला गरिसक्नुपर्ने छ । उक्त परीक्षा दस्तुर राजस्व खाता नं. १४२२३ मा दाखिला गर्नुपर्ने छ ।

६. बिलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था नगरिएको हुँदा उक्त म्यादभित्र फाराम भरी भराइ सक्नुपर्नेछ ।

७. विद्ययार्थीले रजिष्ट्रेसन फाराम भर्दा आफू नियमित रूपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्ने छ । एक भन्दा बढी विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुवैतर्फको फाराम स्वत: रद्द हुनेछन् । **दोहोरो रजिष्ट्रेशन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन र सो कार्य अटेर गरी पछि परीक्षा रद्द भई हुन जाने क्षतिको सम्बन्धित पक्ष नै जवाफदेही हुनुपर्ने छ ।**

८. एकपटक रजिष्ट्रेसन फाराम भरिसकेका विद्ययार्थीहरुले पुन: यो फाराम भर्नु पर्ने छैन ।

९. **यससम्बन्धी सूचना एवम् जानकारी परीक्षा नियन्त्रण कार्यालयको फोनं.०१–६६३०८१९मा सम्पर्क गरेर वा Website www.soce.gov.np हेरेर प्राप्त गर्न सकिनेछ ।**

***पुनश्च:*** *प्रविधिको प्रयोग सम्भव भएका विद्यालयहरुले आफ्ना विद्यार्थीहरुको रजिष्ट्रेशन नं.,नाम,जन्ममिति तथा आमा र बाबुको नाम Excel File मा Capital letterमा टाइप गरी निजहरुले बुझाएको राजस्व रकम समेत उल्लेख गरी Electronics copy समेत जिशिकामा बुझाउनुहुन र सो Electronics copy* ***विषयमा रजिष्ट्रेशन २०७५उल्लेख*** *गरी पनिकाको* ***ईमेल:*** *slcoce@hotmail.com* ***मा पनि पठाइदिनुहुन ।***

*जिल्ला शिक्षा कार्यालयहरूले गतवर्ष २०७३ मा कक्षा ९ मा रजिष्ट्रेसन फाराम भरी बुझाएका आफ्नो जिल्लाभित्रका विद्यालयहरूबाट प्राप्त विद्ययार्थीहरुको रजिष्ट्रेसन नम्बर र नाम, थर, जन्ममिति लगायतका सम्पूर्ण विवरणहरु परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Software मा कम्प्युटर Entry (प्राविधिक धार बाहेक) गरी गराइ Electronic Copy र Printed Copy* ***२०७४ असोज मसान्त भित्र*** *परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्ने छ ।*

**नियन्त्रक**